नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
("A" class Institution licensed by Nepal Rastra Bank)

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

मिति :- २०७९/०९/१९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
भद्रकाली, यु एन आई शान्ती मार्ग
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

विषय : ३६औं वार्षिक साधारण सभाको विवरण पठाएको बारे ।

महाशय,

उपरोक्त सम्बन्धमा यस नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको मिति २०७९/०९/०७ गते सम्पन्न ३६औं वार्षिक साधारण सभाको विवरण यसै पत्र साथ संलग्न गरी तहाँको जानकारीको लागि पठाएको व्यहोरा अनुरोध गर्दछु ।

भवदिय,

दिपक श्रेष्ठ
प्रमुख कानून विभाग

Truly a Nepali Bank
ICRA NEPAL
The Banker Bank of the Year 2003 Nepal
The Banker Bank of the Year 2006 Nepal
The Banker Bank of the Year 2008 NEPAL
The Banker Bank of the Year 2010 NEPAL
The Banker Bank of the Year 2016 NEPAL

Head Office - Durbar Marg, Kathmandu: G.P.O. Box: 3412, Tel: +977-1-4228229, 4242530, E-Mail: info@nibl.com.np, Website: www.nibl.com.np, SWIFT Code: NIBLNPKT

कम्पनी दर्ता नं.०५/०४२

# नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड

को

## ३६ औं वार्षिक साधारण सभाको विवरण

**१. वैधानिक सभा**

नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको ३६ औं वार्षिक साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष श्रीपृथ्वीबहादुर पाँडेज्यूको अध्यक्षतामा देहाय बमोजिम सु-सम्पन्न भयो ।

**२. सभाको स्थान, मिति र समय**

२.१ स्थानः नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौ ।

२.२ मितिः २०७९ साल पौष महिना ७ गते (२२ डिसेम्बर, २०२२) बिहीबार ।

२.३ समयः बिहान १०:०० बजे प्रारम्भ भई अपरान्ह १२:३० बजे सु-सम्पन्न भयो ।

**३. सभाको सूचना**

यस बैंकका कम्पनी सचिव श्रीसुधीरमान श्रेष्ठज्यूको स्वास्थका कारणले आजको यस सभामा उपस्थित हुन असमर्थ हुनु भएकोले अध्यक्षज्यूको अनुमतिमा कम्पनी सचिवज्यूको तर्फबाट यस बैंकका कानून विभाग प्रमुख श्रीदिपक श्रेष्ठज्यूले सभाको शुभारम्भ गर्दै सभामा उपस्थित सम्पूर्ण शेयरधनीमहानुभावहरुलाई हार्दिक अभिवादन तथा स्वागत गर्नु भयो । उहाँले बैंकको मिति २०७९/०८/११ गते बसेको सञ्चालक समितिको ५७८ औं बैठकले निर्णय गरेबमोजिम ३६ औं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफलको विषय सूची समेत खुलाई तत्सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार मिति २०७९ मंसिर १५ गतेको अन्नपुर्ण पोस्ट राष्ट्रिय दैनिक तथा २०७९ मंसिर १६ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरिएको व्यहोरा समेत सभालाई जानकारी गराउनु भयो ।

त्यस्तै बैंकको ३६ औं वार्षिक साधारण सभा बस्ने सूचना तथा छलफलको विषयहरुको साथै आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन (सञ्चालक समितिको प्रतिवेदन), लेखापरीक्षकको प्रतिवेदन,

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

आ.व. २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहित शेयरधनीमहानुभावहरुको उपलब्ध ठेगानामा कुरियर सेवा मार्फत पठाइएको र ती कागजातहरु बैंकको वेव साइटमा समेत राखिएको व्यहोरा पनि श्रीदिपक श्रेष्ठज्यूले सभालाई जानकारी गराउनु भयो ।

साथै श्रीदिपक श्रेष्ठज्यूले कम्पनी निर्देशिका, २०७२ अनुसार कम्पनी सचिवज्यूले साधारण सभा शुरु हुनुभन्दा २१ दिन अघिसम्म बैंकले सम्बन्धित सम्पूर्ण कानूनहरुको परिपालना गरेको लिखित उद्घोषण गरी सो को जानकारी सभामा शेयरधनीमहानुभावहरुलाई समेत गराउनु पर्ने व्यवस्था मुताविक हाम्रो कम्पनी सचिवज्यूले सो मुताविक लिखित उद्घोषण गर्नु भएको व्यहोरा उहाँको तर्फबाट यहाँहरुलाई जानकारी गराउँदछु भन्नु भयो ।

तत्पश्चात् श्रीदिपक श्रेष्ठज्यूले सञ्चालक समितिका सदस्यहरु तथा उपस्थित प्रतिनिधिहरुको परिचय गराउँदै अध्यक्षज्यूबाट सभाको कार्यक्रम अघि बढाउन अनुरोध गर्नुभयो ।

## ४. सभाको छलफलको विषय सूची

**क. सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७८/०७९ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३२, २०७९ मा समाप्त भएको वर्षको वासलात, तथा सोही मितिमा समाप्त भएको आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "एनआइबिएल एस क्यापिटल लि." को आ.व. २०७८/०७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।

४. सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम प्रति शेयर ७ प्रतिशत (बोनस शेयर तथा नगद लाभांशको कर प्रयोजनको लागि समेत) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

५. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ अनुसार आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिश मुताबिक लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने । (वर्तमान लेखापरीक्षक श्री जि.पि. राजवाहक एण्ड कम्पनीको तर्फबाट अशेष राजवाहकज्यू पुनः नियुक्त हुन सक्नहुनेछ ।)

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

## ख. विशेष प्रस्ताव

१. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि. को अधिकृत पूँजी रु. अठार अर्ब पचास करोडबाट वृद्धि गरी रु. पचास अर्ब पुऱ्याउने र सो को लागि यस बैंकको प्रबन्धपत्रको दफा ५(क) मा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

२. सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम यस बैंकको चुक्ता पूँजीको ४ प्रतिशत बोनस शेयर जारी गर्ने र सो गर्दा बैंकको जारी पूँजी तथा चुक्ता पूँजी समेत बृद्धि हुने हुँदा सो को लागि प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) मा संशोधन गरी जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने विशेष प्रस्ताव पारित गर्ने।

३. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

४. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि मूल्याङ्कनकर्ता पिकेएफ टी.आर. उपाध्याय एण्ड कम्पनी (PKF T.R. Udadhaya & Company), चार्टड एकाउन्टेण्टस्ले तयार गरेको दुबै संस्थाको चल-अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन [Due Diligence Audit (DDA)] तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको शेयर स्वाप रेसियो १०० बराबर ९० हुने गरी (मेगा बैंक नेपाल लिमिटेडको १०० कित्ता शेयर बराबर नेपाल इन्भेष्टमेण्ट बैंक लि. को ९० कित्ता शेयर हुने गरी) एकआपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने कार्यलाई अन्तिम स्वीकृती प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

५. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी अन्तिम सम्झौतापत्र तथा अन्य भए गरेका सम्झौताहरुको अनुमोदन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

६. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि दुबै संस्थाको चल-अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन [Due Diligence Audit (DDA)] गर्न नियुक्त गरेका लेखापरीक्षक/मूल्याङ्कनकर्ताको नियुक्ती तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

७. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि भएको सम्झौता बमोजिम सो को आवश्यक स्वीकृतीका लागि नियमनकारी निकायहरुमा निवेदन गर्न र मर्जरसँग सम्बन्धित प्रचलित कानून, निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रक्रियाहरु पूरा गरी अन्तिम स्वीकृती लिने तथा सो सम्बन्धमा नियमनकारी निकायहरुबाट निर्देशन गरे बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने,

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

सो उपलब्ध गर्ने गराउने, मर्जर गर्ने कार्यसँग सम्बन्धित गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्ने लगायतका आवश्यक कार्य गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

८. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिए (मर्जर) पश्चात् यस बैंकको प्रबन्धपत्रको दफा १ तथा नियमावलीको नियम १ लगायत सम्बन्धित दफा/नियममा समेत संशोधन गरी यस बैंकको नाम "नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (Nepal Investment Mega Bank Limited)" हुने गरी संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

९. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिए (मर्जर) पश्चात् यस बैंकको प्रबन्धपत्रको दफा ४(कट) पछि (कठ), (कड), (कढ), (कण), (कत) थप गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

१०.यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिए (मर्जर) पश्चात् दुबै संस्थाको जारी पूँजी तथा चुक्ता पूँजी समेत जोडि जारी पूँजी तथा चुक्ता पूँजी कायम हुने हुँदा यस बैंकको प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) मा संशोधन गरी जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

११. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिए (मर्जर) पश्चात् संस्थापक तथा सर्वसाधारण समूहको शेयर स्वामित्व प्रतिशत परिवर्तन हुने हुँदा यस बैंकको प्रबन्धपत्रको दफा ५ (ङ) मा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

१२. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिए (मर्जर) पश्चात् दुबै संस्थाले हालसम्म गरेको काम कारवाहिलाई मान्यता दिन यस बैंकको प्रबन्धपत्रको दफा ११ पछि दफा १२ थप गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

१३. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिए (मर्जर) को कारणले दुबै संस्थाको नियमावलीमा भएको व्यवस्थाहरुको मिलान गरी आवश्यक व्यवस्था गर्नु पर्ने हुँदा यस बैंकको नियमावलीको नियम २ पछि नियम २ (क) थप गर्ने, नियम ६ (९) पछि नियम ६ (१०) र नियम १० (१३) पछि नियम १० (१४) थप गर्ने, नियम ८ (२) (ग), नियम १३ (२), नियम ३१ (ख), नियम ३१ (ग) (अ) को (क), (ख), (ग), नियम ३१ (ग) (उ), नियम ४१ (९) मा संशोधन गर्ने तथा नियम ३१(ग)(इ) खारेज गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

१४. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिए (मर्जर) को कारणले यस बैंकको प्रबन्धपत्र तथा नियमावलीको कुनै दफा/नियममा माथि उल्लेख गरिए बाहेक

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

अन्य कुनै थप वा संशोधन गर्नु पर्ने भएमा वा अन्य कुनै दफा/नियममा थप वा संशोधन गर्नु पर्ने भएमा सो मुताविक गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने विशेष प्रस्ताव पारित गर्ने ।

१५. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि. को प्रबन्धपत्र तथा नियमावलीमा गर्नुपर्ने थप/संशोधनहरुमा नियमनकारी निकायहरुले फेरबदल गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरबदल गर्नुपर्ने भएमा वा यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिन (मर्जर) को लागि कुनै काम कारवाहि वा निर्णय गर्नु पर्ने भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

**५. उपस्थिति**

**(क) सञ्चालकहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्रीपृथ्वीबहादर पाँडे | अध्यक्ष |
| २. | श्रीप्रजन्य राजभण्डारी | सञ्चालक |
| ३. | श्रीसूर्यप्रकाश लाल श्रेष्ठ | सञ्चालक |
| ४. | श्रीकविकुमार टिवरेवाला | सञ्चालक |
| ५. | श्रीभुवनेश्वरप्रसाद शाह | सञ्चालक |
| ६. | श्रीबिकास थापा | सञ्चालक |
| ७. | श्रीमती मन्जु बस्नेत | सञ्चालक |

**(ख) प्रतिनिधिहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्रीअर्जुन खड्का | प्रतिनिधि, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. | श्रीनविन कुमार भट्टराई | प्रतिनिधि, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय |

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

३. श्रीकमल निरौला — प्रतिनिधि, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय

४. श्रीमतीकन्चन सापकोटा — प्रतिनिधि, सिडिएस एण्ड क्लियरीङ्ग लि.

**(ग) पदाधिकारीहरुको उपस्थिति**

१. श्रीज्योतिप्रकाश पाण्डे — प्रमुख कार्यकारी अधिकृत

२. श्रीविजेन्द्र सुवाल — नायब महाप्रबन्धक

३. श्रीरविन सिजापति — नायब महाप्रबन्धक

४. श्रीदिपक श्रेष्ठ — प्रमुख, कानून विभाग

**(घ) शेयरधनीहरुको उपस्थिति**

१. स्वयं उपस्थित — १२४० जना

२. प्रतिनिधि मार्फत उपस्थित — ५४ जना

३. जम्मा उपस्थिति — १२९४ जना

**६. गणपूरक संख्या**

| विवरण | संख्या | स्वयं उपस्थित | प्रतिनिधि मार्फत उपस्थित | जम्मा | कुल शेयर संख्याको प्रतिनिधित्व (प्रतिशत) |
|---|---|---|---|---|---|
| बिक्रि भएको शेयर | १८३०७५४१३.२० | २०४९६२८ | १०५३४९५६४.७२ | १०७३९९१९२.७२ | ५८.६६ |
| शेयरधनीहरु | २१८६९१ | १२४० | ५४ | १२९४ | |

उल्लेखित उपस्थिति कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुरुप गणपूरक संख्याको लागि पर्याप्त थियो ।

**७. सभाको वैधानिकता**

सभाको शुरुवातमा कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सो सभा उक्त ऐन एवम् नियमावली बमोजिम बोलाइएको एवम् सभाको लागि आवश्यक गणपूरक संख्या पुगेको व्यहोरा जानकारीमा लिईयो।

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

## ८. सभाको अध्यक्षता

सभाको वैधानिकताको यकिन भएपछि बैंकको ३६ औं वार्षिक साधारण सभाको अध्यक्षता कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र बैंकको नियमावलीको नियम ६(१) अनुसार सञ्चालक समितिका अध्यक्ष श्रीपृथ्वीबहादुर पाँडेज्यूले गर्नुभयो ।

## ९. ३६ औं वार्षिक प्रतिवेदन प्रस्तुति

९.१ तदोपरी सभाका अध्यक्ष श्रीपृथ्वीबहादुर पाँडेज्यूले सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो ।

तद्पश्चात् अध्यक्ष श्रीपृथ्वीबहादुर पाँडेज्यूले वार्षिक प्रतिवेदनको सारसंक्षेप शेयरधनीहरु समक्ष प्रस्तुत गर्नुभयो । उहाँले सभालाई सम्बोधन गर्दै यस वार्षिक साधारण सभामा सामान्य प्रस्तावहरु तथा मेगा बैंक नेपाल लि. सँग मर्जर गर्ने लगायतको विशेष प्रस्तावहरु समेत रहेको जानकारी गराउनु भयो । उहाँले बैंकहरु ठूलो, बलियो र सवल हुनु पर्ने कुरामा मान्यता रहेको र ठूला बलिया बैंकहरुले मात्र दिगो बृद्धि पाउन सक्ने कुरा बताउनु भयो । साथै लगीान विस्तार गरी सेवाग्राहीहरुलाई नवीनतम प्रविधि तथा न्यून लागत मार्फत प्रभावकारी बैंकिङ्ग सेवा प्रदान गर्दै आफ्ना सरोकारवालाहरुको लागी उचित मूल्य सिर्जना गर्न सक्ने कुराको विश्वसतता लिएको कुरा बताउनु भयो ।

उहाँले विगत केहि वर्ष देखि बैंकहरुको पूँजीमा प्रतिफल घट्दै गएको र केहि वर्ष अघिसम्म बैंकहरुले २० प्रतिशतसम्म प्रतिफल दिन सकेको र हाल केहि वर्ष यता ११/१२ प्रतिशतमा झरेको बताउनु भयो । यो अवस्थामा पूँजीमा उचित प्रतिफलको लागि ठूलो आकारमा व्यापार विस्तारको विकल्प नदेखेको पनि बताउनु भयो ।

अध्यक्षज्यूले बिग मर्जर हाल प्रविधिमा आइरहेको परिर्वतन तथा फिनटेक कम्पनीहरुको उदयसँगै परम्परागत बैंकिङ्ग व्यवसायको भविष्य चुनौतीपूर्ण भएको र दीर्घकालीन तथा अल्पकालीन समस्याहरु सामाधान गर्न र नेपाल राष्ट्र बैंकले बैंकहरुको संख्या घटाउने नीतिले पनि आवश्यक रहेको कुरा बताउनु भयो । अध्यक्षज्यूले नेपाल राष्ट्र बैंकले बैंकहरुको संख्या घटाउने नीतिलाई अनुशरण गर्दै बिग मर्जरको प्रयास स्वरुप गत वर्ष हिमालयन बैंकको साधारण सभाबाट मर्जर प्रस्ताव पारित हुन नसक्दा हाम्रो बैंकको २ वर्ष भन्दा बढि बहुमूल्य समय तथा मेहनत गुमाउनु परेको तीतो अनुभव व्यक्त गर्नु भयो । तथापि बिग मर्जरको अभियानलाई निरन्तरता दिन हामीले विभिन्न विकल्पहरुमा अध्ययन गर्यौं र सो पश्चात् नेपालका स्थापित बैंकहरु मध्ये एक मेगा

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

बैंक नेपाल लिमिटेडसँग मिति २०७९ जेष्ठ २७ गते मर्जर सम्बन्धी सम्झौतामा हस्ताक्षर गरी नेपाल राष्ट्र बैंकबाट मिति २०७९ आषाढ २२ गते सैद्धान्तिक सहमती प्राप्त गरेको बताउनु भयो । उहाँले मेगा बैंकसँगको मर्जर पछि बैंकको पूँजी ५६ अर्ब, ऋण लगानी ३० अर्ब, निक्षेप ६० अर्ब रहने, बैंकको शाखा सञ्जाल तीन सयभन्दा बढी हुन साथै २७९ वटा एटिएम र ३ हजार ३१५ कर्मचारी हुने कुरा बताउनु भयो ।

साथै उँहाले बैंकले यस पटक उत्कृष्ट सेवा तथा व्यवसायमा गरेको अब्बल प्रदर्शनका कारण VISA International नामक अन्तर्राष्ट्रिय संस्थाबाट 'Excellence in Cross Border Business 2022' तथा छैठौं पटक फाइनान्सियल टाइम्सबाट 'Bank of The Year 2022' अवार्ड प्राप्त गर्न सफल भएको जानकारी गराउनु भयो । यसबाहेक, इक्रा नेपाल (अन्तर्राष्ट्रिय क्रेडिट रेटिङ एजेन्सी-नेपाल) ले बैंकलाई 'ए' वर्गको क्रेडिट रेटिङ दिएको कुरा जानकारी गराउनु भयो ।

उहाँले निम्नानुसार बैंकको बारेमा जानकारी गराउनु भयो । आर्थिक वर्ष २०७८/७९ मा बैंकको कूल सम्पत्ति १७९ अर्ब रुपैयाँबाट ७ प्रतिशत बढेर १८६ अर्ब रुपैयाँ, कर्जा १६१ अर्ब रुपैयाँबाट १६४ अर्ब रुपैयाँ, कूल लगानी ३५ अर्ब रुपैयाँबाट ४४ अर्ब पुगेको छ । कूल सञ्चालन नाफा ५.५६ अर्बबाट घटेर ४.९८ अर्बमा झरेको छ । खुद नाफा ३.५५ अर्बबाट बढेर ३.७९ अर्ब पुगेको छ । एनपीए २.४६ बाट १.४९ प्रतिशत झरेको छ । क्यापिटल एडुकेसी रेसियो १४.७१ प्रतिशतबाट १५.९७ प्रतिशतमा पुगेको छ । कर्जा निक्षेप अनुपात ७५ प्रतिशतबाट ८५ प्रतिशत पुगेको छ । गत वर्ष ग्राहक संख्या १ लाख २६ हजार बढेको छ ।

गत वर्ष बैंकले धेरै ठूलो रकम राइट अफ गर्नुपरेको छ । मेलम्चीमा इटालियन कम्पनीलाई निरन्तर गरेको भए ३/४ महिनामा सम्पन्न हुने थियो । केही पनि समस्या आउने थिएन । आन्तरिक सरकारका मुद्दाहरु, भ्रष्ट्रचारले गर्दा नोक्सानी व्यहोर्नु पर्यो । बैंकका कर्मचारी, व्यवस्थापन समूहलाई आरोप लगाउन मिल्दैन । बैंकको कन्ट्रोल भन्दा बाहिरको विषय हो । इटलीमा रिकोभरी गर्न सफल भएका छौं । हाम्रो एक्स्पोजर एक अर्ब ७ करोड रुपैयाँ थियो । इटालियन कम्पनीले २५ करोडको वित्तीय उपकरण दिएपछि बाँकी ७५ करोड राइट अपमा राखेको छौं । अब सीएमसी अन्तर्राष्ट्रिय अदालतमा गएको छ । सिंगापुरको एआरटी कोर्टमा जान लागेको छ । त्यो अदालतमा गयो भने ९९.९९ प्रतिशत जित्छ । विवाद कमिटिमा २ जना वकिल बाहिरको र एक जना वकिल नेपालको हुनुहुन्छ ।

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

अर्को हप्ता मुद्दा दायर हुन्छ । एकदुई वर्ष समय लाग्न सक्छ । हाम्रो पैसा कहीँ जाँदैन रिकोभरि भएर आउँछ । बैंकको अध्यक्ष भएको नाताले म पूर्ण विश्वस्त छु । हाललाई यसलाई राइट अप गर्नु परेको हो । साँवा मात्रै होइन ब्याज पनि आउँछ । उनीहरुले ७ अर्बको दाबी गरेका छन् । हामीले १ अर्ब ३५ करोड जति पाउने अनुमान छ ।

हामी विभिन्न मुद्दाहरुमा कन्जरभेटिभ भएर गयौं । नेपाल इन्भेष्टमेन्ट बैंकको सीडी रेसियो कम छ । जब ८० प्रतिशत सीडी रेसियो थियो त्यो बेलामा नेपाल इन्भेष्टमेन्ट बैंकले ७६ प्रतिशत मेन्टेन गरेको थियो । अन्य बैंकको ८० प्रतिशतमा हुन्थ्यो । कोरोना महामारीमा ८० प्रतिशतबाट ९० प्रतिशत पुयाएपछि यस बैंकको सीडी रेसियो ८८ प्रतिशत पुगेको छ ।

राष्ट्र बैंकले स्प्रेड दर घटाएको छ । पहिला-पहिला स्प्रेड रेट नै लागू गरेको थिएन । सुरुमा ५ प्रतिशत कायम गर्यो । घटाउँदै ४.५ प्रतिशतबाट ४.४ प्रतिशतमा झारेको थियो । फेरि अहिले आएर ४ प्रतिशतमा झारेको छ । ४.४ प्रतिशतबाट ४ प्रतिशतमा झार्दा बैंकको १० प्रतिशत नाफा घट्छ । उद्योगी व्यवसायीहरुले पनि बैंकका विरुद्ध नै आन्दोलन गरेका छन् ।

यहि हिसाबमा बैंक अघि बढ्ने हुन भने बैंकहरुको भविष्य राम्रो छैन । स्प्रेडदर घट्दा बैंकको १० प्रतिशत घट्छ । जसले बैंकको ४०/५० करोड नाफा घट्छ । राष्ट्र बैंकको निर्णयले एक झट्कामा नै ४०/५० करोड रुपैयाँ नाफा घट्छ । आगामी दिनमा पनि राष्ट्र बैंकले अझै कडाई गर्ने देखिन्छ ।

बैंकको ५७७ औं बैठकले गत वर्षको नाफाबाट हाल कायम चुक्ता पूँजीको ७ प्रतिशत नगद लाभांश र ४ प्रतिशत बोनस सेयर वितरण गर्ने प्रस्ताव गरेको हो । गत २ वटा नयाँ शाखा विस्तार मात्रै विस्तार भएका छन् । मर्जर गर्ने भनेर बैंकले शाखा विस्तार गरेन । नयाँ शाखा विस्तार गर्दा ६/७ वर्ष पश्चात् मात्रै नाफा हुन्छ ।

कोरोना महामारी अघि डिजिटल पेमेन्टमा जोड दिएको हो । कोरोनाले गर्दा मोबाइल वालेटमा सुधार गर्न सकिएको छैन । डिजाइन राम्रो भएन भनेर ग्राहकहरुले गाली गर्नुहुन्छ । त्यसलाई सुधार गर्ने योजना छ । थैली वालेटलाई निरन्तर अपग्रेड गर्दै जाने हो । क्रेडिट रेटिङमा बैंकले ए रेटिङ प्राप्त गरेको छ ।

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

बैंकले गत वर्ष एक्सलेन्स इन क्रस बोर्डर बिजनेश अवार्ड प्राप्त गर्न सफल भएको छ । यो फाइनान्सियल टाइम्स अफ लण्डनले उक्त अवार्ड दिएको प्रदान गरेको हो । यो चानचुने अवार्ड होइन । यो बैंकिङ क्षेत्रको ओस्कार अवार्ड हो ।

गत वर्ष १७४ जना कर्मचारीले बैंक छोडेका थिए । महिला कर्मचारी ४८ प्रतिशत छ । ६८१ जना कर्मचारी १० वर्षभन्दा बढी समयदेखि सेवा गरिहरेका छन् । कर्मचारीलाई पनि तालिम दिइरहेका छौं । कर्मचारीको तालिमको लागि गत वर्ष ९५ लाख रुपैयाँ खर्च भएको छ ।

सामाजिक उत्तरदायित्वमा नाफाको १ प्रतिशत खर्च गर्नुपर्नेमा १.६७ प्रतिशत अर्थात् ५ करोड ३३ लाख रुपैयाँ खर्च भएको छ । गत वर्षको साधारण सभाले सामाजिक उत्तरदायित्वमा बढी खर्च गर्नु पर्यो भनेपछि यस वर्ष बढाएको हो । मारवाडी समुदाय समितिलाई २५ लाख रुपैयाँ, डा. भगवान कोइरालाले सञ्चालन गर्नु भएको काठमाडौं इन्स्च्युट अफ चाइल्डलाई ५० लाख रुपैयाँ, पशुपति क्षेत्रलाई सरसफाइ गर्न ९७ लाख रुपैयाँ सहयोग गरेको छ । पशुपति क्षेत्र पहिलाभन्दा अहिले धेरै सफा छ । जसको मुख्य कारण नेपाल इन्भेष्टमेण्ट बैंक हो । पशुपतिलाई हालसम्म बैंकले ५ करोड १४ लाख रुपैयाँ सहयोग गरिसकेको छ । खेलकुदमा पनि सहयोग गरिएको छ । मेलम्चीमा पनि सहयोग गरेको छ । सामाजिक उत्तरदायित्वमा सबैभन्दा धेरै पशुपति क्षेत्र विकास कोसलाई सहयोग गरेको हो । आर्मी र प्रहरीले बैंकलाई धेरै सहयोग गर्दा चाहेको बेलामा निक्षेप दिनुहुन्छ । अर्को वर्ष लुम्बिनीमा सहयोग गर्ने योजना छ । पर्यटन र धार्मीक क्षेत्रलाई सहयोग गर्नु पर्छ । विदेशीलाई मात्रै माग्ने जाने होइन ।

नेपाल इन्भेष्टमेन्ट बैंकको अनवश्यक खर्च कटौती गरिएको छ । खर्च नियन्त्रणमा कडाइ गरिएको छ । म पनि संस्थापक सेयरधनी हो । त्यो खर्च कटौती गर्यो भने मेरो पनि नाफा बढ्छ । बैंकको २ पैसा बच्यो भने मेरो पनि बच्छ । नेपाल इन्भेष्टमेण्ट बैंकमा अप्रेटिङ कस्ट १.४ प्रतिशत छ । सञ्चालहरुले अनावश्यक भत्ता पनि लिएका छैनन्, सञ्चालक समितिको बैठक हेर्दा हुन्छ ।

अन्त्यमा अन्यमा सम्बन्धित सरोकारवाला सबैमा हार्दिक धन्यवाद दिंदै आ.ब.२०७८/०७९ को समिक्षा अवधिमा सञ्चालक समितिमा कुनै हेरफेर नभएको, सञ्चाल समितिको ५७७ औं बैंठकले बैंकको मुनाफाबाट चुक्ता पूँजीमा ७ प्रतिशत नगद लाभाशं र ४% बोनश शेयर गरी जम्मा ११% लाभांश शेयरधनीहरुलाई वितरण गर्ने प्रस्ताव गरेको जानकारी सभालाई गराउनु भयो ।

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

९.२ सञ्चालक समितिको प्रतिवेदन प्रस्तुति पश्चात् अध्यक्ष महोदयज्यूले लेखापरीक्षकको प्रतिवेदन, २०७९ आषाढ मसान्तमा समाप्त भएको वर्षको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७८/७९ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सभा समक्ष प्रस्तुत गर्नु भयो। उहाँले काबु बाहिरको परिस्थितिले गर्दा provisioning हरु केहि बढ्न गएको र परिणामतः लाभांश पनि केही कम हुन गएको वर्णन गर्नुहुँदै, तर ती रकम ढिलो चाँडो असूल हुने कुरामा आफू विश्वस्त भएको व्यहोरा समेत सभालाई अवगत गराउनु भयो।

**१०. छलफलको लागि आह्वान**

१०.१ साधारण सभामा शेयरधनीहरुले निर्धारित विषयसूची उपर छलफल गर्नसक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरुप वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण साथै सभामा छलफलको क्रमानुसारको विषयसूची समेतमा छलफलका लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनीमहानुभावहरुलाई सहभागी हुन अध्यक्ष महोदयज्यूले अनुरोध गर्नुभयो।

**१०.२ छलफलमा सहभागी हुनुहुने शेयरधनीहरु महानुभावहरु**

१. श्रीव्यास कुमार शर्माज्यू

२. श्रीशत्रुधन श्रेष्ठज्यू

३. श्रीडिल्लीराम नकर्मीज्यू

४. श्रीउद्धव प्रसाद घिमिरेज्यू

५. श्रीअशोक उप्रेतिज्यू

६. श्रीशिव प्रसाद पौडेलज्यू

७. श्रीडमरु बल्लभ घिमिरेज्यू

८. श्रीचन्द्रनारायण श्रेष्ठज्यू

९. श्रीसुदिप श्रेष्ठज्यू

१०. श्रीसन्दिप अग्रवालज्यू :

११. श्रीलवराज जोशीज्यू :

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

१२. श्रीश्रेयष अग्रवालज्यू

१३. श्रीनरसिंह लाल चखूँज्यू (लिखित सुझाव)

१४. श्रीइन्द्रकृष्ण श्रेष्ठज्यू (लिखित सुझाव)

१५. श्रीगुणराज भट्टज्यू (लिखित सुझाव)

११. **उपरोक्त वक्ताहरुले देहाय बमोजिम आ आफ्नो मन्तव्य, राय, सुझाव पेश गर्नुभयो :**

**१. श्रीव्यास कुमार शर्माज्यू**

यस बैंकका अध्यक्ष श्रीपृथ्वीबहादुर पाँडेज्यू बैंकिङ्ग क्षेत्रमा महत्वपूर्ण व्यक्ति हुनु हुन्छ । वित्तीय विवरण सकारात्मक रहेको छ । बैंकको मर्जर र वित्तीय विवरण सन्तोषजनक रहेको छ । बैंकको पूँजी बृद्धि भएर रु.१८ अर्ब पुगिसकेको छ । Paid up Capital मा ८४% रिर्जभ रहेको छ । कुल सम्पतिमा रु.१७ अर्ब बृद्धि भएको छ । समग्रमा हाम्रो बैंक राम्रो र अबल बैंकको रुपमा रहेको छ। मर्जरको बारेमा आवश्यकता, औचित्व र बैंकको भविष्यको बारेमा अध्यक्षज्युले प्रष्ट पार्नु हुनेछ भन्ने आशा गरेको छु । मर्जर पश्चात् पनि बजारमा हाम्रो बैंक हरेक कुरामा टप थ्री मा पर्ने कुरामा हामी शेयरधनी आशावादी रहेका छौ । विश्वव्यापी आर्थिक मन्दी, कोभिड १९ तथा रुप युक्रेन युद्धको कारणले बजारमा पारेको मन्दीको कारणले पनि ७% नगद लाभांश र ४% को बोनश वितरण गर्न सकेकोमा सन्तोषजनक रहेको छ । उहाँले मर्जर पश्चात् नेट वर्थ ठूलो हुने, Fraud case नआवस, राईट म्यान राइट प्लेस हुनुपर्छ, new product मा ध्यान दिने long term liability कम गर्ने र कर्मचारीको गुनासो, सेवा, सुविधाको बारेमा ध्यान दिनु पर्ने जस्ता कुराहरु सुझाव दिनु भयो ।

**२. श्रीशत्रुधन श्रेष्ठज्यू**

विगतका वर्षहरुमा बोनस बढी भएकोमा हालका वर्षहरुमा बोनस किन घट्दै गएको भनी जिज्ञासा राख्नु भयो । बैंकको पूँजी बढ्दै जादा नाफा घट्दै किन गएको भनी जिज्ञासा राख्नु भयो । मेगा बैंकसँगको मर्जरपछि कति नाफा कम्पनीले शेयरधनीहरुलाई दिन सक्छ भनी प्रश्न गर्नु भयो । त्यस्तै खराब कर्जा, सिडि रेशियो, सामाजिक उत्तरदायित्व जस्ता विषय बस्तुहरुमा जिज्ञासा राख्नु भयो । CSR अन्तर्गत मारवाडी सेवा समितिलाई २५ लाख, retired army लाई २५ लाख र साचिकै मार्कामा परेमा मेलम्ची बाढी पिडितलाई जम्मा ५ लाखमात्र दिनु भएको कुरामा उहाँले गुनासो गर्नु भयो ।

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

३. श्रीडिल्लीराम नकर्मीज्यू

बार्षिक साधारण सभालाई संबोधन गर्दै कर्मचारीहरुलाई स्वदेश भित्रमात्र नभई विदेशमा समेत तालिममा पठाउन सुझाव दिनु भयो । साथै मेगा बैंकसँग मर्जरमा जादा कर्मचारीको तलब, भत्ताको विषयलाई विभेद नगरी समानताको कायम हुनु पर्ने भन्नु भयो । LC मार्फत व्यावसायिक कारोबार गर्न नेपाल सरकारले रोकेको विषयमा बैंकको रणनीति केकस्तो रहने बारे चर्चा गर्नु भयो ।

४. श्रीउद्धव प्रसाद घिमिरेज्यू

हाम्रो बैंकको Brand Value लाई मर्यादित तथा व्यवस्थित बनाउदै गएकोमा सञ्चालक समिति, व्यवस्थापक, कर्मचारी सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । बैंकमा डिजिटल सिष्टम, बिदेशी विनिमयलाई अगाडी बढाउन सुझाब समेत दिनुभयो ।

५. श्रीअशोक उप्रेतिज्यू

बैंक भनेको faith, honesty र trust हो । अहिलेको अवश्थामा देश असहज परिस्थितिबाट गुज्रिरहेको बेलामा समेत लाभांश दिनु राम्रो हो । CSR अर्न्तगत जिवित देवि कुमारी तर्फ ध्यान दिनु हुन अनुरोध गर्नु भयो ।

६. श्रीशिव प्रसाद पौडेलज्यू

बैंकको मुनाफाबाट वितरित नगद तथा बोनश लाभांश यथासिघ्र शेयरधनीहरुलाई वितरण गरियोस्। धितोपत्र बोडबाट छिटो सूचीकृत गरियोस् । बार्षिक साधारण सभा जाडो याम शुरु हुनुभन्दा अगाडी नै गरियोस् । आयकर सम्बन्धमा पत्रपत्रिकामा आउने विवाद को बारेमा जिज्ञासा राख्नु भयो ।

७. श्रीडमरु बल्लभ घिमिरेज्यू

बैंकले आर्थिक वर्ष २०७८/०७९ मा ११% लाभांश दिन सक्नु राम्रो हो । विगतमा हिमालयन बैंकसँग मर्जर प्रक्रियाको लागि खर्च भएको रकम कति हो ? हिमालयन बैंक लि. कै कारणले मर्जर भाँडिएकोले उक्त खर्च हिमालयन बैंकले नै व्यहोर्नु पर्ने, दरबारमार्गमा रहेको प्रधान कार्यालयलाई बैंकको आफ्नै जग्गा भएको स्थानमा स्थानान्तरण गर्नु पर्ने धाराण राख्नु भयो ।

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

८. श्रीचन्द्रनारायण श्रेष्ठज्यू

बैंकिङ्ग क्षेत्रमा तुलानात्मक रुपमा बजारमा रहेका अन्य बैंकहरु भन्दा सर्व उत्कृष्ट बनाउन बैंकको खर्च कटौती गर्दै जानु पर्ने विषयमा आफ्नो धाराण राख्नु भयो । मर्जर पश्चात् कर्मचारीको क्षमता अभिबृद्धि गर्न सुझाव दिनु भयो ।

९. श्रीसुदिप श्रेष्ठज्यू

विगत वर्षहरुमा लाभांश बढि भएकोमा यस वर्ष कम भएको भनी गुनासो गर्नु भयो । Risk Management process अर्न्तगत risk identification, risk monitoring, risk management, risk controlling मा focus गरेर अगाडि बढ्नु पर्ने भन्नु भयो । विश्वव्यापी रुपमा भएको आर्थिक मन्दीका कारण बैंकको मुनाफामा असर परेको धाराण राख्दै बैंकले अवार्ड पाएकोमा सञ्चालक समिति एवं कर्मचारीहरुलाई धन्यवाद दिनुभयो ।

१०. श्रीसन्दिप अग्रवालज्यू :

AGM shareholder को लागी हो । NIBL को dividend हरेक वर्ष घटिरहेको छ । NIBL को promoter share दुई प्रकारको किन भएको र मेगा बैंकसँग मर्जर हुनु अगावै वा मर्जर हुना साथ promoter शेयरलाई public मा convert गर्न सकिन्छकि भन्दै HBL सँग merger नभएपछि मेगा बैंकसँग मर्जर गर्नु हाम्रो बाध्यता भएपनि share awap ratio अलि बढि भएको हो कि भन्नु भयो ।

११. श्रीलवराज जोशीज्यू :

हाम्रो बैंक न्ययम न्यखभचलभलअभ अनुसार दुर्त गतिमा अगाडी बढेको, बोनश तथा लाभांश घट्दै गएकोमा सञ्चालक समितिले विष्लेषण गर्नु पर्ने, आगामी वर्षमा प्रतिफल कति प्राप्त हुने, लेखापरीक्षण प्रतिवेदन सबै शेयरधनीले बुझ्न सक्नेगरी नेपाली भाषामा तयार पार्नु पर्ने, बिग मर्जर राम्रो भएको, सञ्चालकहरुको साथसाथै शेयरधनीको पनि भत्ता पाउनु पर्ने जिज्ञासा समेत राख्नु भयो ।

१२. श्रीश्रेयष अग्रवालज्यू

Promoter र public share परिर्वतन हुने सम्वन्धमा पुर्व वक्ताबाट प्रश्न आइ सकेको हुँदा मेरो अर्को प्रश्नलव्य को निति अनुसार NIBL को capital adequacy राम्रो छ । मेगा बैंकसँग मर्नर पछि के हुन्छ भन्ने जिज्ञासा राख्नु भयो ।



NEPAL INVESTMENT BANK LTD. KATHMANDU

### १३. श्रीनरसिंह लाल चखूँज्यू (लिखित सुझाव)

साधारण सभामा उपस्थित भई यस बैंकको वार्षिक प्रतिवेदन एवं PL Account को Performance सकारात्मक तथा प्रगतीउन्मुख रहेको धाराणा व्यक्त गर्नु भयो । ७% नगद लाभांश र ४% को बोनश दिएकोमा बिशेष गरी बैंकको सञ्चालक समिति र मानव संशाधन टिमलाई धन्यवाद दिनुभयो । बैंकको आम्दनीको क्षेत्र मजमुद भएकोले Loan Recovery मा उल्लेख्य रुपमा सुधार भएकोले Net Profit पनि बढेकोछ । नेपाल इन्भेष्टमेन्ट बैंक लि. र मेगा बैंक लि.को मर्जर सकारात्मक र स्वागतयोग्य छ । साथै १००:९० सव रेशियो पनि स्वागतयोग्य छ । मर्जरले Safe Landing गर्न मद्दत गर्दछ । बैंकको भविष्यको सुरक्षालाई प्रत्याभूति दिन्छ । पूजीगत आधार सुद्धढ गर्छ । प्रतिस्पर्धात्मक क्षमताको विकास गर्द । व्यापार एवं लगानी प्रबर्द्धन हुन्छ । Stake Holder मजबुत बन्छ । संभावित जोखिम न्यनिकरण गर्छ । गुणस्तरीय सेवा र Trust बढाउँछ । Deposit Holder को सुरक्षा र Good Goverrence कायम गर्न सहयोग गर्छ । मानव संशाधन, प्राविधिक एवं समग्र क्षमताको बिकास गर्न सहयोग गर्छ । HR Team को पनि सम्मानजनक समायोजन Merger हुनुपर्छ तथा Motivation हुनुपर्छ ।

### १४. श्रीइन्द्रकृष्ण श्रेष्ठज्यू (लिखित सुझाव)

२०७९/०९/०७ मा श्री नेपाल इन्भेष्टमेण्ट बैंकको ३६औं वार्षिक साभारण सभामा यस बैंकले ४% बोनस शेयर साथै मेगा बैंकसँग मिलेर बस्ने भनेर १०० को ९० मिलान गर्न मेगा बैंकबारे १०० NIBL को ९० दिन सरसल्लाह भै सकेको छ । यस बैंकमा दाबि नआएको नगद लाभांश रकम ४,१५,००९,२८१ को बारेमा शेयरधनीलाई जानकारी दिनु हुनेछ भनी भन्नु भयो ।

### १५. श्रीगुणराज भट्टज्यू (लिखित सुझाव)

१. नेपाल इन्भेष्टमेण्ट बैंकको ३६औं वार्षिक साभाका अदर्णिय सभा अध्यक्षज्यू, सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, कम्पनी सचिवज्यू, बैंकका कर्मचारीहरु, यहाँ उपस्थित प्रमुख शेयरधनीज्यूहर तथा पत्रकारज्यूहरु हार्दिक नमस्कार ।

२. ७% नगद ४% बोनस गरी कुल ११% लाभांश वितरण गर्ने प्रस्तावको लागी धेरै धेरै धन्यबाद छ ।

३. मेगा बैंकसँग मर्जर गर्दा मेगा बैकको १०० कित्ता शेयर बराबर ९० कित्ता यस बैंकको शेयर स्वाप रेसियो बढी भयो ८०% भन्दा बढी नहुनु पर्ने हो ।

४. सञ्चालक (अध्यक्ष समेत) हरुको भन्दा अचाक्ली बढाउने योजना गरी प्रस्ताव गरिएको छ । यो प्रस्ताव खारेज गरी अर्को वर्ष पुनः भत्ता बढाउने प्रस्ताव गर्नु हुन सादर अनुरोध छ ।

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

## १२. सभाका अध्यक्ष श्रीपृथ्वीबहादुर पाँडेज्यूको जवाफ

सभामा अध्यक्षज्यूले ती मन्तव्य र सुझावहरुलाई आफूले गम्भीरतापूर्वक लिने र तिनमा उल्लेखित सुझाव यथासक्य ग्रहण गर्ने बचनवद्वता प्रकट गर्दै सभाको विषय सूची उपर छलफलको क्रममा सक्रिय सहभागी शेयरधनीमहानुभावहरुले प्रस्तुत गर्नु भएको धन्यवाद ज्ञापन, सद्बाहना, प्रश्न-जिज्ञासा तथा सुझाव एवम् विचारहरुलाई वक्तापिच्छे पहिचान गरी समग्रमा जवाफ दिनुभयो । उहाँले शेयरधनीहरुको चिन्ता एवं सुझावलाई पूर्णतः मनन गर्ने बताउँदै निम्नानुसार जवाफ दिनु भयो :-

नेपाल इन्भेष्टमेण्ट बैंकका २६ वटा र मेगा बैंकको ६२ वटा शाखा कार्यालय उपत्यका भित्र छन् । मर्जरपश्चात् उपत्यका भित्र मात्रै ८८ वटा शाखा हुनेछ । उपत्यका बाहिर पनि बलियो उपस्थिति हुने गरी शाखा कार्यालय २०२ र एटीएम संख्या २७९ वटा पुग्नेछन् । जुन सबैभन्दा बढी शाखा हुने बैंकको सूचीमा तेश्रो हो

त्यस्तै, कर्मचारी संख्या ३ हजार ३१५ जना, एक्स्टेन्सन काउण्टर ५९ र ग्राहक संख्या झण्डै ३० लाख पुग्नेछन् । मर्जरपश्चात् बैंक सबै सूचकमा बलियो, दरिलो र अब्बल हुनेछ । कर्पोरेट र एसएमईमा क्षेत्रमा कर्जा बढ्नेछ । जसले गर्दा बैंकलाई जोखिम कम हुन्छ ।

मर्जर पश्चात् बैंकका कर्मचारीले खाइअपाई आएको सेवा घट्दैन । नेपाल इन्भेष्टमेण्टको १.४ प्रतिशत र मेगा बैंकको १.७९ प्रतिशत छ । खर्च बढाएर २ प्रतिशतमा जाने हो भने सेयरधनीहरुले लाभांश नै पाउनुहुन्न, कर्मचारीको खर्च १.६ प्रशिशत भन्दा कम गर्ने प्रयास छ । CSR अन्तर्गत माडवाडी सेवा समितिलाई हामीले अरु सँग मिलेर दिएको हो, आर्मीको हकमा उनीहरुले निक्षेपमा सहयोग गरेकोले दिनु परको हो । पशुपतिमा काम सकिन लाग्यो, त्यसपछि लुम्बिनी तिर जान्छौं ।

मर्जरपछि कर्मचारीहरुलाई adjust गरेर लाने हो र भिआरएस स्किम (VRS Scheme) दिएर कर्मचारीलाई बिदाइ गर्ने हो, तर कर्मचारीलाई जबर्जस्ति निकाल्दैनौ । मर्जर पश्चात् यो मेगा बैंकको कर्मचारी, त्यो नेपाल इन्भेष्टमेण्ट बैंकको कर्मचारी भन्न मिल्दैन । सबै नेपाल इन्भेष्टमेण्ट बैंकको कर्मचारी हुन् । सबै कर्मचारीको एक-एक गरी मूल्याङ्कन गर्छु । कुनै कर्मचारीको ५ बर्षमा बढुवा भएन भने किन भएन भनेर प्रश्न गर्छु । कर्मचारीको व्यवस्थापनमा म आफै हेर्छु ।

देशको आर्थिक स्थिती, कोरोना महामारीको असर, रुस र यूक्रेन युद्ध र महँगी बढेका कारण सेयरधनीहरुले पाउने लाभांश घट्छ । सबै बैंकको ११ प्रतिशतदेखि १३ प्रतिशतसम्म लाभांश हुनेछ । नेपाल इन्भेष्टमेन्ट बैंकको मर्जरपश्चात् १५ प्रतिशत भन्दा बढी लाभांश वितरण गर्ने लक्ष्य छ ।

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

बैंक ठूलो होस् वा सानो होस्, नेपाल इन्भेष्टमेन्ट बैंक टप थ्रीमा हुन्छ । कहिले एक नम्बर र दुई नम्बरमा हुन्छ होला तर टप थ्रीमा हुनु पर्छ । प्रतिस्पर्धा गरेर नम्बर वान बन्ने होइन, बैंकलाई सुरक्षित गर्ने हो । हिमालयन बैंकसँग मर्जर हुन नसकेपछि दबावमा थियौं । पार्टनर खोज्दा-खोज्दा अहिले एकदमै बेस्ट पार्टनर मेगा बैंक पाएका छौं ।

## १३. प्रतिवद्धता

शेयरधनीमहानुभावहरुले मेहनत तथा लगनशीलताका साथ बैंकको उत्तरोत्तर प्रगतिको लागि रचनात्मक तथा अमूल्य सुझावहरु समेत प्रस्तुत गर्नुभएको सन्दर्भमा बैंकले पनि उहाँहरुको मेहनत र प्रतिभालाई कदर गर्दै आफ्नो बैंकिङ्ग व्यावसायिक दक्षतालाई बदलिँदो समय र स्थितिको माग अनुरुप गतिशील एवं प्रगतिशील बनाई व्यवहारीक भएसम्म प्राप्त सुझावहरु तथा विचारहरुको विश्लेषण गरी कार्यान्वयन गरी सुधार गर्दै जान समेत अध्यक्षज्यूले प्रतिवद्धता प्रकट गर्नुभयो ।

## १४. सभाको निर्णयहरु

सभामा छलफल पछि प्रस्तावहरु पारित गर्न सभाका अध्यक्षज्यूले प्रस्ताव गर्नुभयो, तद्नुसार सभाले देहाय बमोजिम सामान्य र विशेष प्रस्तावहरु सर्वसम्मतिले पारित गर्‍योः-

### क. सामान्य प्रस्ताव

**१. आर्थिक वर्ष २०७८/०७९ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

आर्थिक वर्ष २०७८/०७९ को सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको सञ्चालक समितिको प्रतिवेदन सभाद्वारा पारित गर्नको लागि निर्णयार्थ सभाका अध्यक्षज्यूले प्रस्ताव पेश गर्नु भएकोमा सभाद्वारा सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३२, २०७९ मा समाप्त भएको वर्षको वासलात, तथा सोही मितिमा समाप्त भएको आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३२, २०७९ मा समाप्त भएको वर्षको वासलात, तथा सोही मितिमा समाप्त भएको आ.व. २०७८/०७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गरीदिन अध्यक्ष महोदयज्यूले प्रस्ताव प्रस्तुत गर्नु भएकोमा सो प्रस्ताव सभाद्वारा सर्वसम्मतिबाट पारित गरियो ।

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

**३. यस बैंकको सहायक कम्पनी "एनआइबिएल एस क्यापिटल लि." को आ.व. २०७८/०७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।**

यस बैंकको सहायक कम्पनी "एनआईबिएल एस क्यापिटल लि ." को आ.व. २०७८/०७९ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण सभाद्वारा पारित गर्नका लागि निर्णयार्थ सभाका अध्यक्षज्यूले प्रस्ताव पेश गर्नु भएकोमा सभाद्वारा सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गरियो ।

**४. सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम प्रति शेयर ७ प्रतिशत नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशको कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।**

सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम प्रति शेयर ७ प्रतिशत नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशको कर प्रयोजनको लागि समेत) वितरण गर्ने प्रस्ताव स्वीकृत गरी दिनुहुन अध्यक्ष महोदयज्यूले सभा समक्ष पेश गर्नु भएको प्रस्ताव सभाद्वारा सर्वसम्मतिबाट पारित गरियो।

**५. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ अनुसार आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिश मुताबिक लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने । (वर्तमान लेखापरीक्षक श्री जि.पि. राजवाहक एण्ड कम्पनीको तर्फबाट अशेष राजवाहकज्यू पुनः नियुक्त हुन सक्नहुनेछ ।)**

कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिले सिफारिश गरेको लेखापरीक्षकहरु एन. अमात्य एण्ड कम्पनी, बि.के. अग्रवाल एण्ड कम्पनी तथा जि पि राजबाहक एण्ड कम्पनी मध्येबाट लेखापरीक्षक नियुक्ति गर्न र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्न अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव प्रस्तुत गर्नु भएकोमा श्री जि पि राजबाहक एण्ड कम्पनीको तर्फबाट अशेष राजबाहकलाई पुनः नियुक्त गर्नुका साथै निजलाई आर्थिक वर्ष २०७९/०८० को हर-हिसाब लेखापरीक्षण गर्न दिने निर्णय सर्वसम्मतिबाट पारित गरीयो । साथै निजलाई मूल्य अभिवृद्धि कर बाहेक रु.२९,५०,०००।- (उनान्तीस लाख पचास हजार मात्र) पारिश्रमिक दिने र निजले प्रचलित नियम कानून मुताबिक शीघ्रातीशीघ्र कार्य गर्नुपर्ने निर्णय पनि सभाद्वारा सर्वसम्मतिबाट पारित गरियो ।

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

(ख) विशेष प्रस्ताव

**१. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि. को अधिकृत पूँजी रु. अठार अर्ब पचास करोडबाट वृद्धि गरी रु. पचास अर्ब पुऱ्याउने र सो को लागि यस बैंकको प्रबन्धपत्रको दफा ५(क) मा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।**

यस नेपाल इन्भेष्टमेण्ट बैंक लि. तथा मेगा बैंक लि. एक आपसमा गाभिए पश्चात् बैंकको पूँजी बृद्धिमा हुने भएकोले अधिकृत पूँजी वृद्धि गरी रु. ५० अर्ब पुऱ्याउने विशेष प्रस्ताव पारित गरिदिन अध्यक्षज्यूले सभासमक्ष निर्णयार्थ प्रस्ताव पेश गर्नु भएकोमा सभाद्वारा सर्वसमतिले उक्त विशेष प्रस्ताव पारित गर्दै प्रबन्धपत्रको दफा ५(क) मा निम्नानुसार संशोधन गर्न समेत सभाद्वारा सर्वसम्मतिबाट निर्णय गरियो ।

| प्रबन्धपत्रको सम्वन्धित दफा | विशेष प्रस्तावसँग सम्वन्धित प्रबन्धपत्रमा संशोधन गर्न स्वीकृत दफाको विवरण |
|---|---|
| दफा ५ (क) | बैंकको अधिकृत पूँजी रु. ५०,०००,०००,०००/-(अक्षरेपी रु पचास अर्ब मात्र) हुनेछ। सो पूँजीलाई रु. १००/- का दरले ५०,००,००,००० (पचास करोड) थान साधारण शेयरमा विभाजित गरिएको छ। |

**२. सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजीको ४ प्रतिशत बोनस शेयर जारी गर्ने र सो गर्दा बैंकको जारी पूँजी तथा चुक्ता पूँजी समेत बृद्धि हुने हुँदा सो को लागि प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) मा समेत संशोधन गरी जारी पूँजी तथा चुक्ता पूँजी समेत वृद्धि गर्ने ।**

२०७९ आषाढ मसान्तमा कायम बैंकको चुक्ता पूँजीको ४ प्रतिशत बोनस शेयर जारी गर्ने र सो गर्दा बैंकको जारी पूँजी तथा चुक्ता पूँजी समेत बृद्धि हुने हुँदा सो को लागि प्रबन्धपत्रको ५(ख) र ५ (ग) मा संशोधन गरी जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने विशेष प्रस्ताव पारित गरिदिन सभा समक्ष निर्णयार्थ अध्यक्षज्यूले प्रस्ताव पेश गर्नु भएकोमा सभाद्वारा उक्त विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरि निम्नानुसार प्रबन्धपत्रको ५(ख) र ५(ग) मा संशोधन गर्न समेत सर्वसम्मतिबाट निर्णय गरियो ।

| प्रबन्धपत्रको सम्वन्धित दफा | विशेष प्रस्तावसँग सम्वन्धित प्रबन्धपत्रमा संशोधन गर्न स्वीकृत दफाको विवरण |
|---|---|
| दफा ५ (ख) | बैंकको जारी पूँजी रु. १९,०३,९८,४२,९७५/९२ (अक्षरेपी रु उन्नाइस अर्ब तीन करोड अन्ठानब्बे लाख बयालिस हजार नौ सय पचहत्तर र पैसा बयानब्बे मात्र) मात्र हुनेछ। सो पूँजीलाई रु. १००/- दरका १९,०३,९८,४२९/७६ (उन्नाइस |

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

| | |
|---|---|
| | करोड तीन लाख अन्ठानब्बे हजार चार सय उन्नान्तीस दशमलव छैहत्तर) थान साधारण शेयरमा विभाजन गरिएको छ । |
| दफा ५(ग) | बैंकको चुक्ता पूँजी रु १९,०३,९८,४२,९७५/९२ (अक्षरेपी रु उन्नास अर्ब तीन करोड अन्ठानब्बे लाख बयालिस हजार नौ सय पचहत्रर र पैसा बयानब्बे मात्र) मात्र हुनेछ । |

**३. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।**

यस नेपाल इन्भेष्टमेण्ट बैंक लि..र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी विशेष प्रस्ताव पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको प्रस्ताव सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

**४. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि मूल्याङ्कनकर्ता पिकेएफ टी.आर. उपाध्याय एण्ड कम्पनी (PKF T.R. Udadhaya & Company), चार्टड एकाउन्टेण्टस्ले तयार गरेको दुबै संस्थाको चल-अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन [Due Diligence Audit (DDA)] तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको शेयर स्वाप रेसियो १०० बराबर ९० हुने गरी (मेगा बैंक नेपाल लिमिटेडको १०० कित्ता शेयर बराबर नेपाल इन्भेष्टमेण्ट बैंक लि. को ९० कित्ता शेयर हुने गरी) एकआपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने कार्यलाई अन्तिम स्वीकृती प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।**

यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि मूल्याङ्कनकर्ता पिकेएफ टी.आर. उपाध्याय एण्ड कम्पनी (PKF T.R. Udadhaya & Company), चार्टड एकाउन्टेण्टस्ले तयार गरेको दुबै संस्थाको चल-अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन [Due Diligence Audit (DDA)] तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएको शेयर स्वाप रेसियो १०० बराबर ९० हुने गरी (मेगा बैंक नेपाल लिमिटेडको १०० कित्ता शेयर बराबर नेपाल इन्भेष्टमेण्ट बैंक लि. को ९० कित्ता शेयर हुने गरी) एकआपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने कार्यलाई अन्तिम स्वीकृती प्रदान गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको विशेष प्रस्ताव सभाद्वारा सर्वसम्मतिले पारित गरी मेगा बैंक नेपाल लिमिटेडको प्रति शेयरको मूल्य रु. ९०/- अर्थात् मेगा बैंक नेपाल लिमिटेडको १०० कित्ता शेयर बराबर यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.को ९० कित्ता शेयर दिने विशेष प्रस्ताव समेत सभाद्वारा सर्व-समितिले पारित गरियो ।

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

**५. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी अन्तिम सम्झौतापत्र तथा अन्य भए गरेका सम्झौताहरुको अनुमोदन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।**

यस नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी अन्तिम सम्झौतापत्र तथा अन्य भए गरेका सम्झौताहरु विशेष प्रस्ताव पारित गरी अनुमोदन गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको विशेष प्रस्ताव उपर छलफल पश्चात् उक्त अन्तिम सम्झौता तथा सो सम्बन्धमा अन्य भए गरेको सम्पूर्ण सम्झौताहरु सभाद्वारा सर्वसम्मतिले अनुमोदन गरी पारित गरियो ।

**६. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि दुबै संस्थाको चल-अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन [Due Diligence Audit (DDA)] गर्न नियुक्त गरेका लेखापरीक्षक/मूल्याङ्कनकर्ताको नियुक्ती तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।**

यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि दुबै संस्थाको चल-अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन [Due Diligence Audit (DDA)] गर्न नियुक्त गरेका लेखापरीक्षक/मूल्याङ्कनकर्ताको रुपमा पिकेएफ टी.आर. उपाध्याय एण्ड कम्पनी (PKF T.R. Udadhaya & Company), चार्टड एकाउन्टेण्टस् लाई गरेको नियुक्ति तथा निजलाई यस बैंकबाट प्रदान गरिएको पारिश्रमिक रु २९,००,०००/- (रु उनान्तीस लाख) मात्रको अनुमोदन गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको विशेष प्रस्ताव उपर छलफल पश्चात् लेखापरीक्षक (मूल्याङ्कनकर्ता) को रुपमा पिकेएफ टी.आर. उपाध्याय एण्ड कम्पनी (PKF T.R. Udadhaya & Company), चार्टड एकाउन्टेण्टस्लाई गरेको नियुक्ति तथा निजलाई यस बैंकबाट प्रदान गरिएको पारिश्रमिक रु २९,००,०००/- (रु उनान्तीस लाख) मात्र समेत सभाद्वारा सर्वसम्मतिले अनुमोदन गरी पारित गरियो ।

**७. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि भएको सम्झौता बमोजिम सो को आवश्यक स्वीकृतीका लागि नियमनकारी निकायहरुमा निवेदन गर्न र मर्जरसँग सम्बन्धित प्रचलित कानून, निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रक्रियाहरु पूरा गरी अन्तिम स्वीकृती लिने तथा सो सम्बन्धमा नियमनकारी निकायहरुबाट निर्देशन गरे बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्ने गराउने, मर्जर गर्ने कार्यसँग सम्बन्धित गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्ने लगायतका**

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

**आवश्यक कार्य गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।**

यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि भएको सम्झौता बमोजिम सो को आवश्यक स्वीकृतीका लागि नियमनकारी निकायहरुमा निवेदन गर्न र मर्जर सँग सम्बन्धित प्रचलित कानून, निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्यहरु एवं प्रक्रियाहरु पूरा गरी अन्तिम स्वीकृती लिने तथा सो सम्बन्धमा नियमनकारी निकायहरुबाट निर्देशन गरे बमोजिमका कागजात तथा विवरणहरु तयार गर्ने, सो उपलब्ध गर्न गराउने, मर्जर कार्य सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्ने लगायतका कार्य गर्ने गराउन बैंकको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको प्रस्ताव उपर छलफल पश्चात सो मुताबिक गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

८. **यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिए (मर्जर) पश्चात् यस बैंकको प्रबन्धपत्रको दफा १ तथा नियमावलीको नियम १ लगायत सम्बन्धित दफा/नियममा समेत संशोधन गरी यस बैंकको नाम "नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (Nepal Investment Mega Bank Limited)" हुने गरी संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।**

यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिए (मर्जर) पश्चात् यस बैंकको प्रबन्धपत्रको दफा १ तथा नियमावलीको नियम १ लगायत सम्बन्धित दफा/नियममा समेत संशोधन गरी यस बैंकको नाम "नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (Nepal Investment Mega Bank Limited)" हुने गरी संशोधन गर्ने विशेष प्रस्ताव पारित गरी सोहि मुताविक बैंकको नाम संशोधन गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको विशेष प्रस्ताव सभाद्वारा सर्वसम्मति पारित गरियो ।

९. **यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिए (मर्जर) पश्चात् यस बैंकको प्रबन्धपत्रको दफा ४(कट) पछि (कठ), (कड), (कढ), (कण), (कत) थप गर्ने विशेष प्रस्ताव पारित गर्ने ।**

यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिए (मर्जर) पश्चात् यस बैंकको प्रबन्धपत्रको दफा ४(कट) पछि (कठ), (कड), (कढ), (कण), (कत) थप गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको विशेष प्रस्ताव सभाद्वारा सर्वसम्मतिले

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

पारित गरी प्रबन्धपत्रको उल्लेखित दफाहरु निम्नानुसार थप गर्ने निर्णय समेत सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

| प्रबन्धपत्रको दफा ४ (कट) पछि क्रमशः थप गर्ने | **विशेष प्रस्तावसँग सम्वन्धित प्रबन्धपत्रमा थप गर्न स्वीकृत दफाहरुको विवरण** |
|---|---|
| दफा ४ (कठ) | बैंकको नाममा स्वदेशी तथा विदेशी बैंक वा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने, |
| दफा ४ (कड) | अटोमेटेड टेलर मेसिन र क्यास डिस्पेन्सिङ्ग मेसिनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने र कर्जा दिने |
| दफा ४ (कढ) | नेपाल धितोपत्र बोर्डले जारी गर्ने निर्देशनहरुको अधिनमा रही धितोपत्रको केन्द्रीय निक्षेप सेवा प्रदान गर्ने सम्बन्धी कार्यहरु गर्ने । |
| दफा ४ (कण) | सञ्चालनमा रहेको कम्पनीको पुरै वा आंशिक शेयर खरिद गरी वा नगरी वा बैंकको सहायक कम्पनी स्थापना गरी नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) सम्वन्धी कार्यहरु गर्ने। |
| दफा ४ (कत) | प्रचलित धितोपत्र सम्वन्धी ऐन, नियम र कानूनी व्यवस्था तथा विद्यमान नीतिगत व्यवस्थाको अधिनमा रहि छुट्टै सहायक कम्पनी मार्फत नेपाल धितोपत्र बोर्डको अनुमति लिई धितोपत्र व्यवसाय सम्वन्धी कार्य गर्ने |

**१०.यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिए (मर्जर) पश्चात् दुबै संस्थाको जारी पूँजी तथा चुक्ता पूँजी समेत जोडि जारी पूँजी तथा चुक्ता पूँजी कायम हुने हुँदा यस बैंकको प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) मा संशोधन गरी जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने विशेष प्रस्ताव पारित गर्ने ।**

यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिए (मर्जर) पश्चात् दुबै संस्थाको तत्काल कायम रहेको जारी पूँजी तथा चुक्ता पूँजी समेत जोडि जारी पूँजी तथा चुक्ता पूँजी कायम हुने हुँदा यस बैंकको प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) मा संशोधन गरी जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको विशेष प्रस्ताव सभाद्वारा सर्वसम्मतिले पारित गरि बैंकको प्रबन्धपत्रको उल्लेखित दफाहरु निम्नानुसार संशोधन गर्ने निर्णय समेत सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

| प्रबन्धपत्रको सम्वन्धित दफा | **विशेष प्रस्तावसँग सम्वन्धित प्रबन्धपत्रमा संशोधन गर्न स्वीकृत दफाहरुको विवरण** |
|---|---|
| दफा ५ (ख) | बैंकको जारी पूँजी रु. ३४,१२,८५,९४,८९६/५२ (अक्षरेपी रु चौतिस अर्ब बाह्र करोड पचासी लाख चौरानब्बे हजार आठ सय छयानब्बे र पैसा बाउन्न |

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

| | |
|---|---|
| | मात्र) मात्र हुनेछ । सो पूँजीलाई रु. १००/- दरका ३४,१२,८५,९४८/९७ (चौतिस करोड बाह्र लाख पचासी हजार नौ सय अडचालीस दशमलव सन्तानब्बे) थान साधारण शेयरमा विभाजन गरिएको छ । |
| दफा ५ (ग) | बैंकको चुक्ता पूँजी रु. ३४,१२,८५,९४,८९६/५२ (अक्षरेपी रु चौतिस अर्ब बाह्र करोड पचासी लाख चौरानब्बे हजार आठ सय छयानब्बे र पैसा बाउन्न मात्र) मात्र हुनेछ । |

**११. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिए (मर्जर) पश्चात् संस्थापक तथा सर्वसाधारण समूहको शेयर स्वामित्व प्रतिशत परिवर्तन हुने हुँदा यस बैंकको प्रबन्धपत्रको दफा ५ (ङ) मा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने ।**

यस नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिए (मर्जर) पश्चात् संस्थापक तथा सर्वसाधारण समूहको शेयर स्वामित्व प्रतिशत परिवर्तन हुने हुँदा यस बैंकको प्रबन्धपत्रको दफा ५ (ङ) मा सोहि मुताबिक संशोधन गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको विशेष प्रस्ताव सभाद्वारा सर्वसम्मतिले पारित गरि प्रबन्धपत्रको उक्त दफा ५ (ङ) मा निम्नानुसार संशोधन गर्ने गरी सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

| प्रबन्धपत्रको सम्वन्धित दफा | **विशेष प्रस्तावसँग सम्वन्धित प्रबन्धपत्रमा संशोधन गर्न स्वीकृत दफाको विवरण** |
|---|---|
| दफा ५ (ङ) | बैंकको शेयरहरु संस्थापक समूह र सर्वसाधारण समूह गरी दुई समूहमा वर्गीकरण गरिएको छ । जसमध्ये संस्थापक समूहको शेयर स्वामित्व ६०.८१ प्रतिशत र सर्वसाधारण समूहको शेयर स्वामित्व ३९.१९ प्रतिशत हुनेछ । सर्वसाधारणलाई जारी गरिने शेयरमध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर बैंकका कर्मचारीको लागि छुट्टयाई सञ्चालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ । |

**१२. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिए (मर्जर) पश्चात् दुबै संस्थाले हालसम्म गरेको काम कारवाहिलाई मान्यता दिन यस बैंकको प्रबन्धपत्रको दफा ११ पछि दफा १२ थप गर्ने विशेष प्रस्ताव पारित गर्ने ।**

यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिए (मर्जर) पश्चात् दुबै संस्थाले हालसम्म गरेको काम कारवाहिलाई मान्यता दिन यस बैंकको प्रबन्धपत्रको दफा ११ पछि दफा १२ थप गर्ने विशेष प्रस्ताव सभाद्वारा सर्वसम्मतिले पारित गरियोस भनी अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको विशेष प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गरि प्रबन्धपत्रको दफा ११ पछि दफा १२ थप गर्न समेत सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

| प्रबन्धपत्रको सम्वन्धित दफा | विशेष प्रस्तावसँग सम्वन्धित प्रबन्धपत्रमा थप गर्न स्वीकृत दफाको विवरण |
|---|---|
| दफा ११ पछि १२ थप | **साबिकका बैंकले गरेको कामको मान्यताः** साबिक मेगा बैंक नेपाल लिमिटेड र नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड एक आपसमा गाभिई यो बैंक बनेकोले साबिकमा उक्त दुवै बैंकहरुले गरेको काम कारोवार यसै प्रवन्धपत्र अनुसार भए गरेको मानिने छ । |

१३. **यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिए (मर्जर) को कारणले दुबै संस्थाको नियमावलीमा भएको व्यवस्थाहरुको मिलान गरी आवश्यक व्यवस्था गर्नु पर्ने हुँदा यस बैंकको नियमावलीको नियम २ पछि नियम २ (क) थप गर्ने, नियम ६ (९) पछि नियम ६ (१०) र नियम १० (१३) पछि नियम १० (१४) थप गर्ने, नियम ८ (२) (ग), नियम १३ (२), नियम ३१ (ख), नियम ३१ (ग) (अ) को (क), (ख), (ग), नियम ३१ (ग) (उ), नियम ४१ (९) मा संशोधन गर्ने तथा नियम ३१(ग)(इ) खारेज गर्ने विशेष प्रस्ताव पारित गर्ने ।**

यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिए (मर्जर) को कारणले दुबै संस्थाको नियमावलीमा भएको व्यवस्थाहरुको मिलान गरी आवश्यक व्यवस्था गर्नु पर्ने हुँदा यस बैंकको नियमावलीको नियम २ पछि नियम २ (क) थप गर्ने, नियम ६ (९) पछि नियम ६ (१०) र नियम १० (१३) पछि नियम १० (१४) थप गर्ने, नियम ८ (२) (ग), नियम १३ (२), नियम ३१ (ख), नियम ३१ (ग) (अ) को (क), (ख), (ग), नियम ३१ (ग) (उ), नियम ४१ (९) मा संशोधन गर्ने तथा नियम ३१(ग) (इ) खारेज गर्ने विशेष प्रस्ताव पारित गरियोस भनी अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको विशेष प्रस्ताव सभाद्वारा सर्वसम्मतिले पारित गरि निम्नानुसार उल्लेखित नियमहरु संशोधन/थप तथा खारेज गर्ने गरी सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

| नियमावलीको सम्वन्धित नियमहरु | विशेष प्रस्तावसँग सम्वन्धित नियमावलीमा संशोधन/थप तथा खारेज गर्न स्वीकृत नियमहरुको विवरण |
|---|---|
| नियम २ पछि २ (क) थप गर्ने | <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,<br>(क) "ऐन" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ सम्झनु पर्छ ।<br>(ख) "कम्पनी ऐन" भन्नाले कम्पनी ऐन,२०६३ सम्झनु पर्छ ।<br>(ग) "राष्ट्र बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ । |

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

| | |
|---|---|
| | (घ) "बैंक" भन्नाले नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड सम्झनु पर्छ ।<br>(ङ)"प्रवन्ध पत्र" भन्नाले बैंकको प्रबन्धपत्र सम्झनु पर्छ ।<br>(च)"नियमावली" भन्नाले बैंकको नियमावली सम्झनु पर्छ ।<br>(छ) "समिति" भन्नाले बैंकको संचालक समिति सम्झनु पर्छ ।<br>(ज) "संस्थापक" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ बमोजिम बैंक स्थापना गर्नको लागि प्रबन्धपत्र तथा नियमावलीमा कम्तीमा एक शेयर लिन मन्जुर गरी संस्थापकको हैसियतले हस्ताक्षर गर्ने ब्यक्ति सम्झनु पर्छ ।<br>(झ) "शेयर" भन्नाले बैंकको शेयर पूंजीको विभाजीत अंश सम्झनु पर्छ ।<br>(ञ) "शेयरधनी" भन्नाले बैंकको शेयरमा स्वामित्व भएको व्यक्ति सम्झनु पर्छ ।<br>(ट) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।<br>(ठ)"सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र बैकल्पिक सञ्चालक समेतलाई जनाउछ ।<br>(ड)"वित्तीय कारोवार" भन्नाले बैंकले गर्ने ऐनको दफा ४९ को उपदफा (१) मा उल्लेख भए बमोजिमको कारोवार सम्झनु पर्छ ।<br>(ढ) "कार्यालय" भन्नाले बैंकको केन्द्रीय कार्यालय सम्झनु पर्छ र सो शब्दले बैंकको क्षेत्रीय, शाखा, उप-शाखा, प्रशाखा, इलाका, प्रतिनिधि, सम्पर्क कार्यालय लगायतका अन्य जुनसुकै कार्यालय समेतलाई जनाउछ ।<br>(ण) "पदाधिकारी" भन्नाले बैंकको सञ्चालक, कार्यकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव, लिक्विडेटर, कर्मचारी, सल्लाहकार, लेखापरीक्षक र व्यवसायिक विज्ञ समेत सम्झनु पर्छ ।<br>(त) "कार्यकारी प्रमुख" भन्नाले बैंकको कार्यकारी अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत, कार्यकारी निर्देशक, प्रबन्ध निर्देशक, प्रबन्ध सञ्चालक, कार्यकारी सञ्चालक, वा महाप्रबन्धक सम्झनु पर्छ र सो शब्दले बैंकको कार्यकारी प्रमुखको रुपमा काम गर्ने अन्य पदाधिकारी समेतलाई जनाउछ<br>(थ) "सभा" भन्नाले बैंकको साधारण सभा सम्झनु पर्छ । |
| **नियम ६ (९) पछि नियम ६ (१०) थप गर्ने** | सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।<br>तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरु मध्ये ७५ ( पचहत्तर) प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ । |

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

| | |
|---|---|
| **नियम ८ (२) (ग) संशोधन गर्ने** | स्वतन्त्र सञ्चालक १ (एक) जना। तर बैंकको संस्थापक, संचालक वा सुन्य दशमलव एक प्रतिशत भन्दा बढी शेयर लिएको शेयरधनी तथा निजको परिवारका सदस्य स्वतन्त्र सञ्चालक हुन पाउने छैन। |
| **नियम १० (१३) पछि नियम १० (१४) थप गर्ने** | ऐन तथा कम्पनी ऐनको अधीनमा रही समितिले विषय, व्यक्ति, समिति/उपसमिति खुलाई निर्णय गरे बमोजिम अधिकार प्रत्यायोजन गर्न सक्नेछ। |
| **नियम १३ (२) संशोधन गर्ने** | यस बैंकको सञ्चालकको पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्तीमा १०० थान शेयर लिएको हुनुपर्नेछ। |
| **नियम ३१ (ख) संशोधन गर्ने** | सञ्चालक समितिको अध्यक्षले प्रति बैठक भत्ता रु. २०,०००/- (बिस हजार) र सञ्चालकले प्रति बैठक भत्ता रु. १७,०००/- (सत्र हजार) पाउने छ। |
| **नियम ३१ (ग) (अ)(क) संशोधन गर्ने** | नेपाल राज्य भित्र रु. ८,८००।- प्रतिदिन। |
| **नियम ३१ (ग)(अ)(ख) संशोधन गर्ने** | सार्क मुलुकमा यु.एस.डलर २७५।- प्रतिदिन |
| **नियम ३१ (ग)(अ)(ग) संशोधन गर्ने** | माथि उल्लेख गरिए बाहेकका अन्य मुलूकहरुमा यु.एस.डलर ३८५।- प्रतिदिन, |
| **नियम ३१ (ग) (इ) खारेज गर्ने** | खारेज गर्ने |
| **नियम ३१ (ग) (उ) संशोधन गर्ने** | सञ्चालक समितिको अध्यक्षले बैठक भत्ता र सुविधाका अलावा टेलिफोन, मोबाइल तथा पत्रपत्रिका खर्च बापत प्रति महिना रु. २०,०००/- तथा सञ्चालक समितिका अन्य सदस्यहरुले प्रति महिना प्रति सदस्य रु. १५,०००/- पाउने छ। |
| **नियम ४१ (९) संशोधन गर्ने** | बैंकले सञ्चालक, शेयरधनी, डिबेञ्चरवाला कर्मचारी वा बैंकसँग सम्बन्धित विषयको सम्बन्धमा कुनै सूचना, म्याद, बन्दसबाल आदि तामेल गर्दा कम्पनी कानून तथा बिद्युतीय (इलेक्ट्रोनिक) कारोबार सम्बन्धी प्रचालित कानूनको व्यवस्था बमोजिम गर्न सकिनेछ। |

**१४. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिए (मर्जर) को कारणले यस बैंकको प्रबन्धपत्र तथा नियमावलीको कुनै दफा/नियममा माथि उल्लेख गरिए बाहेक अन्य कुनै थप वा संशोधन गर्नु पर्ने भएमा वा अन्य कुनै दफा/नियममा थप वा संशोधन गर्नु पर्ने भएमा सो मुताविक गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने विशेष प्रस्ताव पारित गर्ने।**

यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिए (मर्जर) को कारणले यस बैंकको प्रबन्धपत्र तथा नियमावलीको कुनै दफा/नियममा माथि उल्लेख गरिए बाहेक अन्य कुनै थप वा संशोधन गर्नु पर्ने भएमा वा अन्य कुनै दफा/नियममा थप वा संशोधन गर्नु पर्ने भएमा सो मुताविक गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने विशेष प्रस्ताव पारित गरियोस भनी

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको विशेष प्रस्ताव सभाद्वारा सर्वसम्मतिले पारित गरी सो मुताविक संचालक समितिलाई पूर्ण अख्तियारी दिने निर्णय गरियो ।

**१५. यस नेपाल इन्भेष्टमेण्ट बैंक लि. को प्रबन्धपत्र तथा नियमावलीमा गर्नुपर्ने थप/संशोधनहरुमा नियमनकारी निकायहरुले फेरबदल गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरबदल गर्नुपर्ने भएमा वा यस नेपाल इन्भेष्टमेण्ट बैंक लि.र मेगा बैंक नेपाल लिमिटेड एकआपसमा गाभिन (मर्जर) को लागि कुनै काम कारवाहि वा निर्णय गर्नु पर्ने भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने ।**

माथि उल्लेखित विशेष प्रस्तावका संशोधनहरुबाट बैंकको प्रबन्धपत्र तथा नियमावलीका विभिन्न दफा/नियमहरुमा संशोधन, थप गर्ने विशेष प्रस्ताव सभाबाट पारित भए बमोजिम प्रबन्धपत्र/नियममा भएका संशोधन, थप उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताबिक थप/संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने विशेष प्रस्ताव पारित गरियोस भनी सभाका अध्यक्षज्यूले सभा समक्ष पेश गर्नुभएको विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरी सो मुताविक संचालक समितिलाई पूर्ण अख्तियारी दिने निर्णय गरियो ।

**१५. धन्यवाद ज्ञापन**

अध्यक्ष महोदयज्यूले ३६ औं वार्षिक साधारण सभामा प्रस्तुत भएका मन्तव्य, जिज्ञासा, टिप्पणी तथा सुझावहरु निकै सकारात्मक भएको उल्लेख गर्दै बैंकको काम कारवाहीमा अभिरुची राखी बैंकको सञ्चालकसमिति तथा व्यवस्थापनलाई मार्गदर्शन एवं प्रेरणा प्रदान गरेकोमा शेयरधनीमहानुभावहरु, लेखापरीक्षक, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, कर्मचारी वर्ग तथा सम्बन्धित सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

**१६. सभा विसर्जन**

अन्त्यमा, सभाका अध्यक्ष श्रीपृथ्वीबहादुर पाँडेज्यूले छलफल गर्नु पर्ने कुनै विषय बाँकी नभएकोले बैंकको ३६ औं वार्षिक साधारण सभा अपरान्ह १२:३० बजे विसर्जन गर्नुभयो ।

द.................................. 

श्रीसुधीरमान श्रेष्ठ
(कम्पनी सचिव)

NEPAL INVESTMENT BANK LTD. KATHMANDU

द..............................

श्रीपृथ्वीबहादुर पाँडे
(अध्यक्ष)